छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Mucipality

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive

छिन्नमस्ता, सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश
Madhesh Pradesh

प.सं. : २०७९/०८०
च.नं. : 3060

मिति : २०८०।०३।११

बिषयः योजना तथा कार्यक्रमको फर फारक सहित भुक्तानीको लागि कागजात पेश गर्ने सम्बन्धमा।

श्री सरोकारवाला सबै ।

प्रस्तुत बिषयमा आ.व. २०७९/८० का लागि गाउँ सभाबाट विनियोजित नीति,कार्यक्रम तथा बार्षिक बजेट अन्तर्गत गाउँपालिका र वडा कार्यालयहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको **असार १७ गते सम्म कार्य सम्पन्न** गरी फरफारक र भुक्तानीको लागि सम्पूर्ण कागजात **मिति २०८०/०३/१७ गते सम्ममा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नु**का साथै तोकिएको मिति भित्र पेश नभएका योजना तथा कार्यक्रमहरुको हकमा गाउँपालिकाबाट भुक्तानी गर्न नसकिने व्यहोरा अनुरोध छ ।

**पुनः** अर्थ मन्त्रालयको मिति २०८०/०१/१४, च.न.१२१ बाट गाउँपालिकालाई समानीकरण अनुदानको अन्तिम किस्ता स्वरूप प्रदान गर्ने रकममा ५० प्रतिशत कटौती भएको र विश्वमा भएको आर्थिक मन्दीको असर मुलुकमा पनि परेको र फल स्वरूप संघिय सरकारले अपेक्षित रुपमा राजश्व संकलन गर्न नसकेकाले स्थानीय तहलाई प्रदान गर्ने राजश्व बाँडफाँडको रकम अनुमान बमोजिम अपेक्षित रुपमा प्राप्त हुन नसकेको वर्तमान अवस्था र गाउँपालिका तथा वडा कार्यालयहरु स्वयम्ले पनि लक्ष्य अनुरुप आन्तरिक राजश्व संकलन गर्न नसकेको अबस्थामा भुक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी श्रोतको सुनिश्चितताको आधारमा गाउँपालिकाबाट प्राथमिकता बमोजिम क्रमसः हुने व्यहोरा अनुरोध छ ।

**बोधार्थ** :

१. श्री सम्पूर्ण वडा कार्यालयहरु /शाखाहरु : समयमै कार्यक्रम र योजनासंग सम्बन्धित सम्पूर्ण बिल ,भरपाई ,भौचर र आवश्यक कागजात तयार गरी /गराई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्न हुन ।

**अवगतार्थ** :

१. श्रीमान् गाउँपालिका अध्यक्ष ज्यु,
२. श्रीमान् गाउँपालिका उपाध्यक्ष ज्यु, : कार्यक्रम तथा योजनाहरुको समयमै अनुगमन गरी दिन हुन ।
३. श्री वडा अध्यक्षज्युहरु(सबै) : समयमै सम्पूर्ण योजना तथा कार्यक्रमहरु संचालन /अनुगमन गरी फरफारकमा सहयोग गरिदिन हुन ।

**अन्त्यमा : गाउँपालिकाका सम्पूर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धित व्यक्ति, संस्था ,पार्टीहरुलाई EFT मार्फत हुने हुँदा समयमै कागजात पेश हुन नसकेमा आर्थिक प्रशासन शाखा जवाफदेही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिएको छ ।**

संजय मेहता
लेखापाल

०८०।३।११
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत